म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१३ अङ्क:- ४८ २०७९ पुस २१ गते बिहिबार 5 January 2023, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

Icy Iconic parlor

opening discount 10% off Discount



बबल टि, बरफ, बर्फी, केकलगायत विभिन्न फ्लेभरमा क्रिम बेलको आइसक्रिम उपलब्ध छ ।

हेटौंडा-४, स्कुलरोड

प्रोप्राईटरः क्रिजेश जोशी/दीपक गौतम

सम्पर्क नम्बर : ९८४५९०३४०७

## एसईईमा सहभागी विद्यार्थी विवरण बुझाउन ढिलाई

जमुना थिङ

हेटौंडाः शैक्षिक सत्र २०७९ मा माध्यमिक शिक्षा परीक्षा (एसईई) मा समावेश हुने विद्यार्थीको विवरण बुझाउन ढिलाई भएको छ। मकवानपुरका विभिन्न पालिकाका केही विद्यालयले विद्यार्थी विवरण बुझाउन ढिलाई गरेका हुन्।

जिल्लाको हेटौंडा उपमहानगरपालिका, इन्द्रसरोवर र बागमती गाउँपालिकाका केही विद्यालयले अझै माध्यमिक शिक्षा परीक्षा कक्षा–१० (एसईई)मा समावेश हुने विद्यार्थीको विवरण नबुझाएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका अधिकृत उन्नति ढकालले जानकारी दिनुभयो। माध्यमिक शिक्षा परीक्षामा समावेश हुनका लागि नियमिततर्फ साधारण तथा प्राविधिक धारका विद्यार्थीको आवेदन फारम गत मंसिर ८ गतेदेखि पुस १० गतेभित्र भर्ने/भराउने भनिए पनि अझै विवरण नबुझाइएको हो।

अधिकृत ढकालका अनुसार करिब ६ वटा विद्यालयले अझै एसईईमा समावेश हुने विद्यार्थीको विवरण बुझाएका छैनन्। हेटौंडा–४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयले भने मंगलबार अनलाइनमार्फत् एसईईमा सहभागी हुने विद्यार्थीको विवरण पठाउने बताएको छ। आधुनिक राष्ट्रिय माविका प्रधानाध्यापक रामसागर गुरागाईंका अनुसार विद्यार्थीको विवरण संकलनमा त्रुटि देखिएपछि आवेदन फारम बुझाउन ढिलाई भएको बताउनुभयो।

यस वर्ष आधुनिक राष्ट्रिय माविमा २ सय ७३ जना विद्यार्थी कक्षा–१० मा भर्ना भएको प्रधानाध्यापक गुरागाईंले जानकारी दिनुभयो। गत वर्ष आधुनिकबाट ३ सय ३८ जना विद्यार्थीले एसईई दिएका थिए। उहाँका अनुसार गत वर्ष कक्षा–९ मा विद्यार्थी भर्ना कम लिएका कारण यस वर्ष एसईई परीक्षा दिने विद्यार्थीको संख्या पनि कम भएको हो।

> आवेदन फारममा विद्यार्थीको विवरण नै त्रुटि भएपछि माध्यमिक शिक्षा परीक्षामा समावेश हुने विद्यार्थीको विवरण संकलनमा ढिलाई भएको उहाँको धारणा छ।

यस्तै, हेटौंडा–१, चाइनाक्वाटरमा रहेको अमर माध्यमिक विद्यालयले विद्यार्थीको जन्मदर्ता बनाउन ढिलाई भएका कारण एसईईमा सहभागी हुने विद्यार्थीको विवरण मंगलबारमात्र बुझाएको छ। उपमहानगरमा यस वर्ष कक्षा–१० मा ३ हजार ३ सय ४३ जना विद्यार्थी भर्ना भएको हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाकी सहायक कर्मचारी उषा गौतमले जानकारी दिनुभयो। उहाँका अनुसार गत वर्ष ३ हजार ७ सय ३३ जना विद्यार्थी भर्ना भएका थिए। यस वर्ष राक्सिराङ गाउँपालिकामा २ सय ३ जना विद्यार्थी कक्षा–१० मा भर्ना भएको राक्सिराङ गाउँपालिका शिक्षा शाखाका अधिकृत प्रकाश तामाङले जानकारी दिनुभयो। उहाँका अनुसार गत वर्ष २ सय ३५ जना विद्यार्थी भर्ना भएका थिए।

यसैगरी, भीमफेदी गाउँपालिकामा यस वर्ष कक्षा–१० मा २ सय ५२ जना विद्यार्थी भर्ना भएको भीमफेदी गाउँपालिकाको शिक्षा शाखाका अधिकृत प्रदीप पराजुलीले जानकारी दिनुभयो। गत वर्ष ३ सय ११ जना विद्यार्थी भर्ना भएको उहाँले बताउनुभयो। गाउँका मानिसहरु सेवा सुविधाका लागि शहरतिर जाने क्रम बढेको उहाँको भनाइ छ। बसाईंसराईंका कारण कक्षा–१० मात्र नभई तल्लो तहको कक्षामा पनि भर्ना हुने विद्यार्थीको संख्या घट्दै गएको उहाँले बताउनुभयो।

इन्द्रसरोवर गाउँपालिकामा यस वर्ष कक्षा–१० मा १ सय १६ जना विद्यार्थी भर्ना भएको इन्द्रसरोवर गाउँपालिकाका शिक्षा शाखाका अधिकृत धर्मानन्द पन्तले जानकारी दिनुभयो। गत वर्ष १ सय ६९ जना विद्यार्थी भर्ना भएको उहाँले बताउनुभयो। गत वर्षको तुलनामा शैक्षिक सत्र–२०७९ मा पालिकाहरुमा भर्ना भएका विद्यार्थी संख्यालाई हेर्दा माध्यमिक शिक्षा परीक्षामा सहभागी हुने विद्यार्थीको संख्या कम हुने देखिन्छ। मकवानपुरमा गत वर्ष ७ हजार १ सय २८ जना विद्यार्थी माध्यमिक शिक्षा परीक्षामा सहभागी भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमले जानकारी दिनुभयो। आवेदन फारममा विद्यार्थीको विवरण नै त्रुटि भएपछि माध्यमिक शिक्षा परीक्षामा समावेश हुने विद्यार्थीको विवरण संकलनमा ढिलाई भएको उहाँको धारणा छ।

ग्रेड वृद्धिका लागि परीक्षामा सहभागी हुने विद्यार्थीले आवेदन फारम भर्ने र भराउने म्याद आइतबार सकिएको छ। शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले नियमिततर्फ पनि माध्यमिक शिक्षा परीक्षामा आवेदन फराम भर्न र भराउनका लागि आइतबारसम्म समय थप गरेको थियो। मकवानपुरमा यस वर्ष करिब १ सय ४० वटा विद्यालय माध्यमिक शिक्षा परीक्षामा सामेल हुने शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जनाएको छ। १ सय ४५ वटा विद्यालय रहे पनि केही विद्यालयमा भने विद्यार्थी नभएका कारण परीक्षामा सामेल नहुने जनाइएको छ।

## उपमहानगरको बालमैत्री अभियानमा बाल संरक्षण प्रमुख चुनौती



वडास्तरमा सरोकारवालालाफ बालमैत्री पालिकासम्बन्धी अभिमुखीकरण गरिँदै।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले २०८० मंसिर मसान्तसम्म पालिकालाई बालमैत्री घोषणा गर्ने तयारी गरिरहेको सन्दर्भमा बाल संरक्षण प्रमुख चुनौतीको रुपमा रहेको सामाजिक विकास महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले बताउनुभएको छ। हेटौंडामा बालमैत्री घोषणा गर्न बाल संरक्षण, बालश्रम र बालविवाह न्यूनीकरणमा हेटौंडा पछाडि रहेको धारणा उहाँले राख्नुभयो।

बालमैत्री पालिका घोषणाका लागि ५१ सूचकहरु रहेको भन्दै उहाँले बाल बचाउका १४, बाल संरक्षणका १०, बाल विकासका ५, बाल सहभागिताका ६, संस्थागत विकासका १५ वटा सूचकहरु रहेको जानकारी दिनुभयो। बालबालिकाको क्षेत्रमा स्वास्थ्यसँग सम्बन्धित खोप कार्यक्रम र नो होम डेलिभरी कार्यक्रममा हेटौंडा उपमहानगरपालिका अगाडि नै रहेको उहाँले बताउनुभयो।

बालमैत्री पालिका घोषणा गर्न सूचकमात्र पूरा गरेर नहुने भन्दै उहाँले बालमैत्री हिसाबले सेवा प्रवाह गर्नुपर्ने, विद्यालयमा पनि बालमैत्री वातावरण तयार गर्नुपर्नेलगायतका कार्यक्रमहरु बाँकी रहेको स्पष्ट पार्नुभयो। सोहीअनुसार बिस्तारै कार्यक्रमहरु अगाडि बढाउनु पर्ने उहाँको भनाई छ। बालमैत्री पालिका घोषणा गर्ने कार्यक्रमअनुसार नै बालबालिकाको क्षेत्रमा कामहरु भइरहेको उहाँले जानकारी दिनुभयो। हेटौंडा बजार क्षेत्रमा भेटिएका अधिकांश बाल श्रमिकहरु भारत र तराई क्षेत्रको रहेको उहाँले बताउनुभयो। अनुगमनका क्रममा बाहिरी जिल्लाका बालबालिका भेटिएमा अभिभावकलाई परामर्श गरी अभिभावकको जिम्मा लगाइने उहाँले बताउनुभयो।

सबै बालबालिकालाई हेटौंडा उपमहानगरपालिकामा व्यवस्थापन गर्न सम्भव नहुने महाशाखा प्रमुख लामिछानेको भनाई छ। उहाँले भन्नुभयो, 'नगरभित्रका बालबालिकालाई हेटौंडा उपमहानगरपालिकाले सम्बोधन गर्छ। वडा कार्यालयहरुसँग सहकार्य गरी बालबालिकालाई विद्यालय जाने वातावरण तयार गर्छौं। बालबालिकाको क्षेत्रमा आर्थिक परिचालन गर्न, शैक्षिक सामग्री वितरण गर्न बाल कोष पनि छ।' आर्थिक अवस्था कमजोर रहेको परिवारका बालबालिकालाई विद्यालयमा पढाउने जिम्मेवारी विद्यालयको पनि भएकाले वडास्तरीय अभिमुखीकरण कार्यक्रम गर्ने उहाँले जानकारी दिनुभयो।

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र भेटिएका श्रमिक बालबालिकाहरुमा मुख्य समस्या भनेको परिवारले नै कमाउन बालबालिकालाई प्रयोग गरिएको उहाँले दाबी गर्नुभयो। व्यवसायीहरुले कम तलबमा गरिबीको फाइदा उठाएर बालबालिकालाई श्रममा राखेको भेटिएको उहाँले बताउनुभयो। भदौबाट सुरु भएको बालमैत्री पालिका घोषणा अभियानअन्तर्गत् उपमहानगर पालिकाले हालसम्म ५ जना बालश्रमिकलाई उद्धार गरी परिवारको जिम्मा लगाएको छ।

उहाँले भन्नुभयो, 'उपमहानगर पालिकाको आगामी कार्यक्रम भनेको प्रत्येक वडामा एक जना सहजकर्ता राख्छौं। उनीहरुको सहयोगमा बालबालिकाको वस्तुगत वितरण संकलन गर्छौं। जसबाट बालबालिकाको क्षेत्रमा हामी कहाँनिर छौं भन्ने हेर्छौं। त्यसबाट हामी कहाँ चुकेका छौं, त्यो विश्लेषण गर्छौं। सोहीअनुसार नै योजना तर्जुमा गर्छौं।' नगरपालिकाको अवस्थाको बारेमा विश्लेषणपश्चात् बाल श्रमिकहरुको अनुगमन गर्ने कार्यक्रम रहेको उहाँले बताउनुभयो। हेटौंडा उपमहानगर पालिकाभित्र भेटिएका बाल श्रमिकहरुलाई जिल्ला प्रहरी कार्यालय, सिविन नेपालको सहयोगमा उद्धार गरी परिवारलाई जिम्मा लगाउने काम सुरु गरेको उहाँले बताउनुभयो।

यस्तै, सिविन बाल हेल्पलाइन हेटौंडाका प्रमुख झविन्द्र ज्ञवालीले पछिल्लो एक वर्षमा मकवानपुर जिल्लामा ६१ वटा बालविवाहको घटना कार्यालयमा आएको जानकारी दिनुभयो। जसमा ५१ वटा बालविवाह रोकिएको भन्दै उहाँले १० वटा विवाह भएको बताउनुभयो। बालविवाहको कारणहरुमा मोबाइलको प्रयोग, अभिभावकविहीन, आर्थिक विपन्नता, बालबालिकालाई आफन्त वा होस्टलमा राख्ने, अभिभावक वैदेशिक रोजगारीमा हुँदा बालबालिकाको हेरचाहमा अभाव र आफूखुसी पनि केही बालविवाह भएको उहाँले स्पष्ट पार्नुभयो। सिविन नेपालले १४ जना बालश्रमिकहरुको उद्धार गरी पारिवारिक पुनर्मिलन गराएको छ। उद्धार गरिएका बालश्रमिकहरुमा आर्थिक कारण, अभिभावक सचेत नहुनु, ठेकेदारको प्रलोभन र विद्यालय छोड्ने कारण देखिएको उहाँले बताउनुभयो।

## भारतीय नागरिकको पारिवारिक पुनर्मिलन

हेटौंडाः हेटौंडा–९ मा रहेको मानवसेवा आश्रमले एक भारतीय नागरिकको पारिवारिक पुनर्मिलन गराएको छ। मकवानपुरबाट विवारिसे अवस्था उद्धार गरिएको ८ वर्षपछि परिवारमा पुनर्मिलन गराइएको हो।

सोमबार मानवसेवा आश्रममा आश्रित रेखा मानवको पारिवारिक पुनर्मिलन गराएको आश्रमका अभियन्ता होमनाथ पौडेलले जानकारी दिनुभयो। छोरी जन्मेका कारण परिवारबाट मानसिक तनाव दिएपछि रेखा घरबाट निस्किनु भएको बताइएको छ। छिमेकी मुलुक भारतको बिहार राज्यको पटना घर भएकी रेखाले १६ वर्षअघि परिवार छाडेकी पत्ता लागेको उहाँले जानकारी दिनुभयो।

परिवार पहिचान भएपछि आश्रमले रेखालाई परिवार भएको ठाउँमै लगेर पुनर्मिलन गराएको थियो। लामो समयदेखि परिवारबाट सम्पर्कविहीन भएकी रेखालाई परिवारसँग पुनर्मिलन गराउन जाँदा छोरीको विवाह भइसकेको र श्रीमानले समेत दोस्रो विवाह गरेको पाइएको अभियन्ता पौडेलले जानकारी दिनुभयो।

समृद्ध समाज राष्ट्रिय दैनिक

Email:sambridhasamaj@gmail.com

## क्रिकेटर राम नरेश म्यानेजमेन्टको प्रशिक्षक



समाज संवाददाता

हेटौंडाः नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वखेलाडी राम नरेश गिरी हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टको क्रिकेट प्रशिक्षकको रुपमा काम गरिरहनुभएको छ। सन् २०१२ देखि यु-१९ तथा सन् २०१३ देखि २०१५ सम्म राष्ट्रिय टिममा बलरको रुपमा अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्नुभएका गिरीले एक वर्षदेखि कक्षा ११ र १२ तथा स्नातक तहमा अध्ययनरत विद्यार्थीलाई क्रिकेट प्रशिक्षण गराइरहनुभएको छ।

हेटौंडा-४, हुप्रचौरस्थित क्रिकेट प्रशिक्षण केज तथा क्रिजमै विद्यार्थीलाई क्रिकेट सिकाइरहनुभएका गिरी हेटौंडाकै स्थायीवासी हुनुहुन्छ। क्रिकेटप्रति युवा पुस्ताको बढ्दो आकर्षण र प्रशिक्षणको आवश्यकतालाई हेरेर राष्ट्रिय टिमका पूर्वखेलाडीलाई प्रशिक्षकको रुपमा जिम्मेवारी दिइएको हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीले जानकारी दिनुभएको छ। एक वर्षदेखि प्रशिक्षकको भूमिकामा रहनुभएका गिरीले विद्यार्थीलाई क्रिकेटको प्राविधिक ज्ञान दिनुका साथै अभ्यासमा पनि राम्रो सहयोग पुगेको प्रिन्सीपल जोशीको भनाइ छ। खेलाडीलाई प्रशिक्षणसँगै अभ्यासका लागि मैत्रीपूर्ण खेल खेलाउने कार्य भइरहेको प्रिन्सीपल जोशीले जानकारी दिनुभयो।

आफ्नै जिल्लामा किशोर खेलाडीलाई प्रशिक्षण गराउन पाउँदा खुसी लागेको गिरीको भनाइ छ। २७ वर्षीय गिरी म्यानेजमेन्टका किशोर खेलाडीलाई प्रशिक्षण दिँदै गर्दा किशोर खेलाडीलाई राष्ट्रिय टिमको सदस्यको रुपमा स्थापित गर्ने योजना सुनाउनुहुन्छ। हालै प्रदेश तथा राष्ट्रिय प्रतियोगितामा मकवानपुर जिल्लाको तर्फबाट आफूले प्रशिक्षण दिएका किशोर खेलाडीले राम्रो खेल प्रदर्शन गर्न सफल भएकोमा खुसी व्यक्त गर्नुहुँदै आगामी दिनमा अझै राम्रो गर्न सकिने दावी गर्नुहुन्छ। नियमित प्रशिक्षण गर्ने मैदान नहुनु नै सबैभन्दा बढी चिन्ताको विषय भएको गिरी बताउनुहुन्छ।

## उद्धार गरिएका २ बालिका अभिभावकलाई जिम्मा

हेटौंडाः श्रममा रहेको दुई बालिकालाई उद्धार गरेर हेटौंडा उपमहानगरपालिकाले अभिभावकको जिम्मा लगाएको छ। श्रममा रहेका बालिकालाई पुनः श्रममा नलगाउने सर्तमा अभिभावकलाई जिम्मा लगाइएको हो। मंगलबार उपमहानगरपालिकाले बालिकालाई श्रममा नलगाउने र विद्यालय पठाउने भनेर अभिभावकसँग लिखित प्रतिबद्धता गराएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक महाशाखाकी प्रमुख विष्णु कुमारी लामिछानेले जानकारी दिनुभयो।

हेटौंडा उपमहानगरपालिकाले सोमबार प्लाष्टिकका भाँडा विक्रि गर्दै हिँडेका दुई जना बालिकाको उद्धार गरेको थियो। १० र १३ वर्षका दुई बालिकालाई उपमहानगरपालिकाले सिविन बाल हेल्पलाइन हेटौंडाको सहयोगमा उद्धार गरेको थियो। उद्धार गरिएका दुई बालिकालाई आवश्यक परामर्श गरी अभिभावकको जिम्मा लगाइएको प्रमुख लामिछानेले जानकारी दिनुभयो।

भारतको उत्तरप्रदेशका नागरिक हेटौंडा-९, लामसुरेमा डेरा गरी बस्ने गरेको र गाउँ-बस्ती डुलेर प्लास्टिकका भाँडा बिक्री गर्ने गरेका थिए। अभिभावककै योजनामा बालिकाहरु पनि प्लास्टिकका भाँडाको व्यापारमा व्यस्त रहने गरेको पाइएको झविन्द्र ज्ञवालीले जानकारी दिनुभयो। ज्ञवालीका अनुसार ३ वर्षदेखि उनीहरु हेटौंडामा बसोबास गर्दै आएका छन्। अभिभावकसँग बालिकालाई अनिवार्य विद्यालयमा भर्ना गर्नुपर्ने, त्यसको अनुगमन हेटौंडा उपमहानगरपालिकाले गर्ने प्रतिबद्धता भएको छ। पुनः बालिकालाई श्रममा पठाएमा कानून बमोजिम कारबाही गर्ने उहाँले बताउनुभयो। छलफलमा अभिभावकहरुले बालमैत्री अभियानमा सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौ र सुनाऔं
The Voice of Community

तरकारी व्यवसायी संघको सूचना

नेपाल फलफूल तथा तरकारी व्यवसायी संघको हेटौंडा–१० बसपार्कमा संचालित तरकारी फलफूल बजार हेटौंडा १ नदीउकाश क्षेत्र चौकीटोलमा सरेको हुँदा सम्पूर्ण कृषकवर्ग, व्यवसाय, उपभोक्ताहरुमा जानकारी गराउँदछौं।

खड्क बहादुर मुक्तान, अध्यक्ष
केन्द्रिय सदस्य मकवानपुर जिल्ला संघ

# सम्पादकीय

## मेला प्रवर्द्धनात्मक बनोस्

हेटौंडामा आगामी माघ ११ गतेदेखि औद्योगिक व्यापार मेला (महोत्सव) आयोजना हुँदैछ । कोभिड–१९ संक्रमणका कारण पछिल्लो ३ वर्षदेखि कुनै पनि मेला, महोत्सव आयोजना भएका छैनन् । त्यसअघि हेटौंडामा वर्षेनि व्यापार मेला हुने गरेको थियो । मकवानपुर उद्योग वाणिज्य संघ तथा निर्माण व्यवसायी संघ मकवानपुरले एक–एक वर्ष बिराएर व्यापार मेला आयोजना गर्दा वर्षेनि मेला हुने गर्दथ्यो । करिब ३ वर्षको अन्तरालपछि यो वर्ष हेटौंडामा राष्ट्रिय औद्योगिक व्यापार महोत्सव हुँदैछ । मकवानपुर उद्योग वाणिज्य संघले आगामी माघ ११ गतेदेखि २३ गतेसम्म राष्ट्रिय औद्योगिक व्यापार महोत्सव सञ्चालन गर्ने निर्णय गरेको छ । हेटौंडा–१० स्थित टिसिएन नजिकको चौरमा महोत्सव आयोजना हुँदैछ । विगतमा व्यापार महोत्सवको नाममा सांगीतिक र अन्य मनोरञ्जनमा केन्द्रित हुने गरेका कारण मेला उद्देश्यमूलक बन्न नसकेको आरोप लाग्ने गरेको छ । यस्तै, मेलामा स्टल राखेर जथाभावी सामान बिक्री गरिँदा मेलाका कारण स्थानीय व्यवसायीको व्यापार व्यवसायमा नकारात्मक असर पर्ने गरेका कारण पनि व्यवसायी मेलाको उद्देश्यप्रति विश्वस्त हुन सकिरहेका थिएनन् । अझ मेलाको आर्थिक पक्ष पारदर्शी नहुने समस्या पनि उत्तिकै देखिने गरेको छ ।

मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा हेटौंडामा थुप्रै पटक राष्ट्रिय औद्योगिक व्यापार मेला भएका छन् । ती मेला, महोत्सवहरुमा जिल्लाका सरकार तथा गैरसरकारी निकायको सहकार्य रहने गरेको थियो । मेलाको व्यवस्थापन तथा प्रवर्द्धनमा धेरै निकायले सहकार्य तथा हातेमालो गर्ने गरेको अवस्थामा पनि मेला उद्देश्यमूलक र प्रवर्द्धनात्मक बन्न नसकेको विगतलाई मध्येनजर गर्दै यस पटक आयोजना हुन लागेको मेलाको विरोध गरिएको छ । मेला आयोजक मकवानपुर उद्योग वाणिज्य संघअन्तर्गत्कै वस्तुगत संघको रुपमा रहेको कपडा तथा तयारी पोशाक व्यवसायी संघ मकवानपुरले मेलाको विरोध गर्दै सम्बद्ध पक्षको ध्यानाकर्षण गराएको छ । संघले मकवानपुरका प्रमुख जिल्ला अधिकारी तथा हेटौंडा उपमहानगरपालिकाका प्रमुखलाई ध्यानाकर्षण पत्र बुझाउँदै मेलालाई प्रवर्द्धनात्मक र प्रदर्शनात्मक बनाउन माग गरेको छ । मेलालाई व्यापार महोत्सवको रुपमा नभई प्रवर्द्धनात्मक महोत्सवको रुपमा मात्रै सञ्चालनका लागि सहजीकरण गरि दिन माग गरिएको हो । देशको अर्थतन्त्र प्रतिकूल बनिरहेको अवस्थामा स्थानीय व्यवसायी धराशायी बनिरहेको र व्यापार मेलाले जिल्लाका एक हजार कपडा तथा तयारी पोशाक व्यवसायी मारमा पर्ने भन्दै मेलाको बिरोध गरिएको छ ।

जुनसुकै नाम र उद्देश्य राखिए पनि व्यापार मेलाको मुख्य उद्देश्य भनेको आर्थिक कारोबार नै हो । यस्तै, मेला र महोत्सव भन्नेबित्तिकै नाच्ने, गाउने, पिङ्ग खेल्ने, मनोरञ्जन गर्ने, खाने र तिनैमा अवलोकनकर्तालाई आकर्षित गरी पैसा कमाउने प्रवृत्ति मौलाउँदै गएको छ । अर्कोतिर, व्यवसायीसँग स्टकमा रहेका र नबिकेका सामान विभिन्न आकर्षण र प्रलोभन दिएर बिक्री गर्ने स्थल यस्ता मेला, महोत्सव बन्ने गरेका छन् । मेला, महोत्सवमा स्थानीय व्यवसायीको सहभागिता न्यून हुने भएका कारण यस्ता मेलाले उनीहरुको खासै हित गर्दैन । मेलामा हुने आर्थिक कारोबारको ठूलो हिस्सा जिल्ला बाहिरका व्यवसायी तथा मनोरञ्जनात्मक स्टल राख्नेहरुले लैजाने गरेका कारण पनि स्थानीय व्यवसायीले बिरोध गरेको मान्न सकिन्छ ।

व्यवसायीकै हक हितका लागि क्रियाशील संघसंस्थाले आयोजना गर्ने यस्ता मेला महोत्सवले स्थानीय व्यवसायीको हित गर्नुपर्छ । मेलामा राखिने स्टलमा स्थानीय उद्योगी, व्यवसायीको सहभागिता रहनुपर्छ । स्थानीय कृषि तथा औद्योगिक उत्पादनको बजारीकरण तथा प्रवर्द्धनमा महोत्सव केन्द्रित हुनुपर्छ । स्थानीय उत्पादनको प्रवर्द्धन गर्न महोत्सव उपयोगी हुनुपर्छ । विगतका महोत्सवमा जस्तो उत्पादन प्रवर्द्धनभन्दा खेल र मनोरञ्जनलाई बढी प्राथमिकता दिइयो भने महोत्सवको सार्थकता रहँदैन । महोत्सव आयोजना गर्नु एउटा सकारात्मक प्रयास हो भने त्यसलाई उद्देश्यमूलक र प्रवर्द्धनात्मक बनाउन सक्नु यसको सफलता हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा–८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धैर्यवान् भएर काम गर्दा राम्रो रहला ।
**वृष** : परोपकार र धार्मिक काममा सरिक भइएला ।
**मिथुन** : सामाजिक र राजनैतिक हैसियतमा लगानी बढ्ला ।
**कर्कट** : व्यापार–व्यवसाय ठिकै रहने समयको योग छ ।
**सिंह** : सामाजिक र धार्मिक दायित्व बढ्ने समय छ ।
**कन्या** : तर्क,विवाद र बहसमा बिजयी भइने योग छ ।
**तुला** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**वृश्चिक** : धार्मिक एवम् सामाजिक काममा सरिक भइएला ।
**धनु** : विश्वासमा सङ्कट आइपर्न सक्ने समयको योग छ ।
**मकर** : चुनौतिहरु पन्छाएर अगाडि बढ्दा राम्रो होला ।
**कुम्भ** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**मीन** : अध्ययन–अध्यापन कार्य मध्यमकारक रहला ।

# स्मृतीमा प्रदिप गिरी – २



चुंडाराज उप्रेती

श्रद्धेय स्वर्गीय नेता प्रदिप गिरीको बारेमा केही समय अगाडी छोटो लेख मार्फत उहाँसँगको केही बर्ष सामिप्य हुँदा ताकाको मेरो व्यक्तिगत केही भोगाई तथा अनुभवहरु राखेको थिएँ। हुनतः स्वर्गीय गिरी आफैमा एक पुस्तकको खुला पाना हुनुहुन्थ्यो, जताबाट पल्टाएर पनि अध्ययन गर्न मिल्ने । समय सीमामा बाधिन बिल्कुलै नचाहने। एक आजात चिन्तक। यस लेखमा स्व. गिरी सँग घनिष्ठ हुँदाको समयको सिराहा स्थित उहाँकै परिकल्पनाको आश्रममा समय समयमा मेरो बसाईको भोगाई र केही अन्तरङ्ग प्रस्तुत गर्दैछु ।

वास्तबमा "कम्युन" व्यवस्था कस्तो हुन्छ र थियो भन्ने विषयमा केही खोजी गर्ने हो भने सो को ज्वलन्त उदाहरण हो स्व. गिरीद्वारा स्थापित आश्रम, जुन सिराहाको लाहान बजारबाट उत्तर, बस्तीपुर गाउँबाट केही पश्चिम खुटी खोलाको छेवैमा रहेको छ । सामुहिक श्रम र सामुहिक सम्बृद्धिसँगै सामुहिक रहनसहनको व्यवस्था छ। आश्रममा गाउँ घरमै उपलब्ध सामान्य प्रविधिको प्रयोग गरेर वातावरण मैत्री तवरले स–साना घरहरु बनेका छन् । जस्तोकी, केही साधनाका लागि उपयुक्त जस्ता लाग्ने । सबैको लागि एकै ठाउँमा भोजनको व्यवस्था। सँगै दलित स–साना विद्यार्थीका लागि दिउँसो निःशुल्क कम्प्युटर कक्षा । उत्तर पट्टी फुलबारी एफ.एम. । काठ र छिगटीले बनेको अतिथी सदन । बिचमा गोलघर, जहाँ स्व. गिरीको निवास थियो । पछाडी पट्टी गाई वस्तुको गोठ, केराबारी, माछा पोखरी ईत्यादी । जता ततै हरीयाली। फुलबारी एफ.एमको पछाडी आँपको बगैंचा । जहाँ तराईको गर्मीको मौसममा धेरै जसो पिकनिकको लागि आएका स्कुले विद्यार्थी हुन्थे । आश्रमकै नामको खेती पातीको लागि जमीन छ । आश्रममा आश्रित परिवारहरु खेती गर्दछन् । जो कोही आश्रममा पाहुना हुन सक्दथ्यो। त्यसका लागि आश्रमको कार्यमा जोडिन पर्दथ्यो, अर्थात् आश्रमको दिनचर्यामा सहभागी हुन पर्दथ्यो।

यही ठाउँ हो, जहाँ केही समय स्व. सन्त नेता किसुन जीले समय व्यतित गर्नु भएको थियो। हिउँदको समय पारिलो घाम ताप्दै विभिन्न समसामयिक बिषयसँगै वैचारिक विमर्श चलेको आश्रमका रेखदेखकर्ता कुमुद रञ्जन बरालको स्मृतिमा ताजै छ। काठमाडौंको जाडो छल्न मधेश झर्ने पुरानो परम्परा थियो र छ पनि। कांग्रेसी नेता त आउजाउ हुने स्वभाविक नै भयो, तथापी कम्युनिष्ट नेता कार्यकर्ताको पनि स्व. गिरी संसद नचलेको समय वा आश्रममा हुँदा उल्लेख्य रुपमा आउजाउ हुन्थ्यो । छिमेकी भारतका केही गन्ने चुन्ने नेताहरु समय समयमा आश्रममा आएको मलाई याद ताजै छ। तराईको व्यस्त कोलाहलबाट उत्तर केही मिनेटको दुरिमा शान्त, प्राकृतिक वातावरण, खुला तराईका खेतहरु, फुलबारी, छुट्टै आनन्दको मनोरम दृष्य मानसपटलमा आउँछ। म सिराहाको सम्पुर्ण भु–भागसँग त परिचित छैन, तर पनि स्व. गिरी कहाँ विषेशगरी जिल्ला भित्र र बाहिरबाट दलित, अल्पसंख्यक, निम्नवर्गका मान्छेहरु विभिन्न समस्याहरु लिएर आएको म देख्दथें। आशा गरी आउनेलाई सकभर निराश नबनाउने प्रयास हुन्थ्यो । तराईका बिपन्न वर्गका दलित बालबालिकालाई शिक्षाको लागि निरन्तर लागिरहनु हुन्थ्यो। यसका लागि सकारात्मक फलस्वरुप आश्रममै केही बालबालिकाहरु आश्रित थिए, जस्लाई त्यहीको एक विद्यालयमा पढने व्यवस्था मिलाईएको थियो। आश्रममा खानपानका लागि आश्रमकै जमिनबाट उब्जेका उब्जनी प्रयोग हुन्थ्यो । आश्रमको नाममा स्व. गिरीकै पुस्तौनी जमिन राखेकोले प्रशस्त खेतीयोग्य जमीन थियो। सामुहिक श्रमबाट उत्पादित उब्जनी नै आश्रमको मुल आय थियो सायद । स्व. गिरीको लाहान बजारमा एक पक्की दुई तलाको घर थियो जसमा केही विद्यार्थीहरुलाई निःशुल्क उपलब्ध गराईएको थियो ।

आश्रममा मांसाहार वर्जित छ। स्व. गिरी पुर्ण शाकाहारी, र सादगी जीवनयापन गर्नुभएको पाए, आफ्नो जीवन अवधिमा प्रायजसो खादीको कपडा लगाएका थिए। महात्मा गान्धिको जस्तै घरेलु शीप र कलालाई एकदमै प्रोत्साहन गर्ने। स्थानिय शील्प, परम्परागत सामग्रीको प्रयोग गरी तयार गरिएको स्थानीय उत्पादनको संरक्षण तथा सम्बर्धन, स्थानीय बजारमा स्थानको लागि निकै प्रयास गरेको देख्दथ्यैं। युवाहरुले अतिरित्त समयमा जीवन उपयोगी सीप सिकी ब्यक्तित्वको विकाश गर्नुपर्ने उहाँको जोड थियो । आश्रममा दिनको समयमा यस्तै विविध विषयमा छलफल चल्थ्यो । स्वकीय सचिव तथा सिराहाका नेता दिपेन्द्र हमाल, धनुषाका नेता राम पल्टन साह, ईत्यादी नेतागणसँग आश्रममा लामो समय व्यतित गरेको छु। त्यस आश्रमको हार्दिकता, सिकाई, भोगाईले मलाई धेरै मार्गनिर्देश गरेको छ । यो लेखनी लेख्दै गर्दा जाडोको मौसम छ, तर केही जाडोको न्यानो घाम तपाई त्यस आश्रमको अझै स्मृतिमा ताजै छ।

स्व. गिरीको परिकल्पनाको आश्रम अब के होला ? त्यस आश्रममा आश्रित केही परिवार, पढिराखेका बालबालिका ईत्यादीको भविष्य के होला ? सम्झदा चिन्ता लागेर आउँछ । अस्व. गिरीको आत्माको अवशेष कतै त्यहीं आश्रममै भए झैं लाग्दछ ।

# राष्ट्रपति र सभामुखको अभीष्ट पूरा भएपछि खड्ग प्रहारका सम्भावित खेल



विनोद सिजापति

प्रतिनिधि सभाको निर्वाचन परिणामले पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष खड्गप्रसाद शर्मा ओलीलाई कमजोर नेताको रूपमा प्रस्तुत गरेको थियो। पराजित मुद्रामा तिनले मध्यावधि निर्वाचनको भविष्यवाणी गर्न थाले ।

प्रतिनिधि सभामा सबैभन्दा ठूलो दलको हैसियत राख्ने नेपाली कांग्रेस अध्यक्ष एवं संसदीय दल नेता शेरबहादुर देउवा ढुक्क थिए, आफैं छैटौं पटक प्रधानमन्त्री हुनेमा । आफ्नो रोजाइको व्यक्तिलाई राष्ट्रपति नियुक्त गर्ने आफन्तलाई मन्त्री मात्र होइन सातै प्रान्तको मुख्यमन्त्री, मन्त्रीमा नियुक्त गर्ने । हजारौंको संख्याका भजनमण्डलीलाई वडादेखि अन्तर्राष्ट्रिय जगत्मा नेपाली कूटनीतिक नियुक्ति दिने ।

अर्कातिर्फ संसद्मा तेस्रो शक्ति भएको माओवादी दल नेता पुष्पकमल दाहालको अवस्था बेहाल नै थियो। तिनको चञ्चताले कुनै महत्व पाएको थिएन। 'रात रहे अग्राख पलाए झैं राता–रात स्थिति बदलियो । पुस १० गतेसम्म आई पुग्दा नेपाली राजनीतिले १८० डिग्री फन्को मारिसकेको थियो। अघिल्लो दिनसम्म निर्दो ठहरिएका खड्गप्रसाद देशको सबैभन्दा शक्तिशाली व्यक्तिमा परिणत भइसकेका थिए । खड्गप्रसादको 'कृपा'मा पुष्पकमल दाहालको 'एक पटक प्रधानमन्त्री' हुने महत्वकांक्षा पूर्ति भयो। खड्गप्रसादले तानेको धागो तथा बजाएको मादलको तालअनुरुप प्रधानमन्त्रीको पगरी गुथेका दाहाल जनसमक्ष कठपुतली प्रधानमन्त्रीका रुपमा प्रस्तुत भएका छन् ।

अर्कोतर्फ, नेपाली कांग्रेसका प्रत्यासी नेता, कार्यकर्ता तथा आसेपासेहरुको अवस्था 'हिस्स बूढी खिस्स दात' जस्तो छ। मुखैमा पुगेको हातको गाँस गुमेको अवस्थामा छन् उनीहरु । कतिपय चोर औंला ठडाएर सभापतिलाई सत्तोसराप गर्न थालेका छन्। पार्टी सभापतिको वरिपरि परिक्रमा गर्ने 'सुकिला मुकिला' कानखुसी गर्ने नेता तथा तिनको धर्मपत्नी .उपर खनिएका छन् उनीहरु।

सभापतिले आत्मालोचना गर्दै पद त्यागनुपर्ने मागले कांग्रेसजनमा लोकप्रियता पाउँदै छ । लोकतन्त्रमा असफल भएका बहुसंख्यक नेताले नैतिक जिम्मेवारी लिएर स्वेच्छिक पद त्याग गर्ने प्रचलन छ । शेरबहादुर देउवा अल्पसंख्याको कोटीमा पर्छन् । पद त्याग गर्नुको बदलामा तिनले २०७४ को लज्जास्पद हार व्यहोर्दा दललाई अमूक पूर्वअवस्थामा पुऱ्याएर विश्राम लिने निधो गरे । सत्ताबाहिर गमन भएको ४२ महिनामै 'एक्सिडेन्टल' तर, पाँचौं प्रधानमन्त्री पदमा आसीन भए । यस पटक तिनले लिने निर्णयको लेखो काट्न कठिन छ ।

निर्वाचन २०७९ पूर्वसन्ध्यामा 'नो नट अगेन'को नारा चम्कनुको उद्देश्य स्थापित पूर्वप्रधानमन्त्री जसको एकल उद्देश्य सत्ता प्राप्ति थियो, उनीहरुलाई मतदाताले तिरस्कार गरुन् भन्ने थियो। सागर ढकाल तथा युग पाठकलाई निर्वाचित गराउन ठूलै संख्यामा युवा शक्ति परिचालित थियो । साम, दाम, दण्ड, भेदमा पोख्त शक्तिशाली खेलाडीका सामुन्ने उनीहरुको केही लागेन। निर्वाचन क्षेत्रका मतदाताका निमित्त 'प्रधानमन्त्री'ले धेरै गर्ने सम्भावना बढी लोभिलो विकल्प थियो ।

संसदीय दल नेताको चुनौती दिने माननीय गगन थापालाई कांग्रेस सदस्य जसको समर्थनमा तिनी हौसिएका थिए, तिनले नै मत दिएनन् । आखिर अन्य सुविधाका अतिरिक्त मतदानको तस्बिर खिच्ने प्रविधि प्रयोग गर्ने सुविधा सम्पन्न बहालवाला प्रधानमन्त्रीको पक्षमा मतदान गर्दा पाइने सुविधाको वजन देशमा सुशासन कायम गर्ने उद्देश्य भएको नेताको भन्दा अत्यधिक धेरै थियो । मौका बारम्बार कहाँ आउछ र चुक्ने ?

राजनीतिक रणनीति 'सकुनि'को षड्यन्त्र तथा दाउपेच उपयोग गरेर सत्तामा हाबी हुने भाष्यमा परिणत भएको छ । सत्ता प्राप्तिका निमित्त अख्तियार गर्ने जतिसुकै अनैतिक हत्कण्डा पनि जायज हुन थालेको छ। राजनैतिक 'धोखा' शब्दको पर्यायवाची शब्दमा परिणत भएको छ । 'शत्रु' कथाका कथाकार विश्वेश्वरप्रसाद कोइरालाको अनुयायीहरु धुइपत्ताल लागेर विश्वासघाती पात्रको खोजीमा जुटेका छन्।

सभापतिको भक्तगणाका निमित्त तिनको प्रतिरक्षामा उत्रँदा आफ्नो अस्तित्व जगेर्नाका सम्भव हुन्छ। देउवाको बहिर्गमनले उनीहरुलाई सति जानुपर्ने जोखिम छ । त्यसकारण तिनीहरु सभापतिलाई चोख्याउन लागिपरेका छन्। एउटा ढुंगोले धेरै चरा मार्न अग्रसर हुने समकालीन कांग्रेसी संस्कार पनि हो । निवर्तमान प्रधानमन्त्रीका आसेपासेहरुको चोर औंला पुष्पकमल दाहाललाई 'विश्वासघात' गरेको आरोप लगाउँदै निशाना भने सभापतिका विरोधी खेमातर्फ गर्न अभ्यस्त छन् ।

केही बुज्क अदृश्य विदेशी शक्तिको हाउगुजी देखाउँदै अन्तर्घातको लान्छनातर्फ अग्रसर हुँदैछन् । त्यसो त, सभापति विरोधीका निमित्त पनि यो अवसर नै हो, देउवा तथा तिनका कोटरी पालकलाई बिदाइ गर्ने। पार्टी सभापति एवं संसदीय दल नेता पदबाट राजीनामाको माग चर्काउन तथा तिनको निस्कासन प्रक्रिया अगाडि बढाउन सक्रिय छ, यो समूह ।

मिडिया तथा सामाजिक सञ्जालमा माथापच्चिसे गर्दैछन् रातारात परिवर्तन भएको अवस्थाको रहस्य खोल्नका निमित्त। धेरैले पुष्पकमल दाहाल तथा शेरबहादुर देउवाबीच भएको अर्को 'भलाद्मी सम्झौता' को उल्लंघनलाई मूलकारण ठहर गरेका छन्। दुई नेताबीच भएको सम्झौताअनुसार शेरबहादुर तथा दाहाल (प्रतिनिधि सभाको ६० महिने अर्थात् पाँच वर्ष अवधि) प्रथम ३० महिना मन्त्री हुने दोस्रो अवधि शेरबहादुर हुने भन्ने थियो रे ! अन्तिम अवस्थामा शेरबहादुरले पद सुम्पन आनाकाना गरे । त्यसकारण दाहाल, खड्गप्रसादको पोल्टामा पुगे राष्ट्रिय समस्यालाई विदेशी हस्तक्षपको चस्मा पहिरिएर विश्लेषण गर्न अभ्यस्त बौद्धिक समुदायका लागि भारतीय– चिनियाँ स्वार्थ युद्धमा चीनले हासिल गरेको विजय ठहरिएको छ। निश्चय पनि लोकतान्त्रिक भारतले छिमेकी राष्ट्रमा लोकतान्त्रिक शक्ति हाबी होस् भन्रुने चाहेकै हुनुपर्छ । त्यसैगरी चीनका निमित्त कम्युनिष्ट हाबी हुन् भन्ने मनसाय । वास्तविकताको अर्को पाटो भने चर्चित पात्रलाई नेपालीले त विश्वास गर्न सक्दैनौ भने छिमेकीले के/कति विश्वास गर्लान् ?

फुटेको पाँच दलीय गठबन्धनको निर्माण केवल ३/४ नेताको स्वार्थहित रक्षाका निमित्त भएको थियो । सत्र महिनाअघि पुष्पकमल दाहाल तथा माधवकुमार नेपाल आफ्ना अनुयायीका साथ लागेर बुढानिलकण्ठ देउवा निवास देउवालाई विश्वास गरे पुगेका थिएनन्। उनीहरु त्यहाँ पुगेर सुनको थालीमा प्राधानमन्त्री पद सुम्पन पुग्नुपूर्व उनीहरु अपमानित, अपहेलितका अतिरिक्त अपराधको आरोपमा खड्गप्रसादले सुनिश्चित गरेका काठघर यात्राबाट जोगीन पुगेका थिए । 'सोझो' उपाधि पाएका देउवाले उनीहरुलाई विश्वास गर्नेवाला थिएनन् । तिनी पनि मौकाबाट फाइदा उठाउँदै ज्योतिषीको भविष्यवाणीमा विश्वास गरेर नै जुटेका हुन् । चार प्रमुख पात्रहरु शेरबहादुर, खड्गप्रसाद, पुष्पकमल दाहाल तथा माधवकुमार नेपालबीचको सम्बन्ध न्याउरी मुसा, सर्प, भ्यागुतो तथा बिच्छीको जस्तो हुँदै आएको थियो र छ।

यथार्थ, भनेको एकातिर पाँच दलीय गठबन्धनलाई वर्षौं टिकाउने प्रयासको खुलासा गरिँदै थियो भने अर्कातर्फ 'वामपन्थी एकता'का निमित्त अहोरात्र अँध्यारो चोटाकोठामा बैठक । तित्राको मुखै बैरी पुष्पकमल दाहाल तथा दुर्भाषी खड्गप्रसाद एक अर्कोलाई धिक्कारै थिए, 'पब्लिक कन्जमसन'का निमित्त । तिनका गणहरु भने संवादमा व्यस्त थिए । चारै नेताको 'प्लान–बी'को खिचडी पाक्दै थियो। मञ्चन हुँदै गरेको नाटक 'प्लान–बी'लाई कार्यान्वयन गर्न शेरबहादुरलाई खड्गप्रसादले उछिनेका परिणाम मात्र हो।

छाताछुल्ल हुँदै गरेको छ, अर्को 'प्लान सी'को । जसअनुसार खड्गप्रसादले कुनै पनि दिन प्रधानमन्त्री पुष्पकमल दाहाल खडा भएको राडीलाई तानेर उत्तानो पर्ने कार्ययोजना हुँदै छ। यस विषयमा तिनका विश्वासिला कामरेडहरु दक्षिणपन्थी शक्तिसँग साँठगाँठ गर्दै छ। प्रतिनिधि सभामा एमालेले १३८ सदस्य को समर्थन जुटाउँदा साथै तिनले खड्ग प्रहार गर्नेछन्, माओवादी तथा कांग्रेसउपर । अन्यथा, दाँत तिखारेर बसेका कांग्रेसको

# ५२३ वटा पशुपन्छीलाई स्वास्थ्य सेवा



*निःशुल्क पशु स्वास्थ्य शिविरमा सहभागीहरु ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका अन्तर्गतको पशु सेवा केन्द्र हेटौंडा-८ कमानेको आयोजनामा बुधबार एकदिने निःशुल्क पशु स्वास्थ्य शिविर भएको छ । चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत शिविर भएको हो । शिविरमा एक सय जना किसानका ५ सय २३ वटा पशुपन्छीलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराईएको हेटौंडा उपमहानगर पालिकाकी पशुपन्छी विकास शाखाकी प्रमुख गंगा चौलागाईले जानकारी दिनुभयो ।

शिविरमा २ सय ५० वटा गाई, १ सय ५० वटा बाखा, १ सय ५ वटा कुखुरालाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराइएको छ । त्यसैगरी, शिविरमा १८ वटा कुकुरलाई रेविजविरुद्धको भ्याक्सिन लगाइएको प्रमुख चौलागाईले जानकारी दिनुभयो । उहाँका अनुसार शिविरमा ६५ हजार रुपैयाँ बराबरको औषधि निःशुल्क उपलब्ध गराइएको छ । शिविर हेटौंडा-८ का वडा अध्यक्ष रामकृष्ण थापाको अध्यक्षता र प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाइको प्रमुख आतिथ्यमा भएको हो । चालु आर्थिक वर्षमा हालसम्म हेटौंडा उपमहानगरपालिकाले ९ वटा वडामा निःशुल्क पशु स्वास्थ्य शिविर सम्पन्न गरेको छ । उपमहानगरपालिका भित्रका सबै वडामा शिविर आयोजना गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "हेटौंडा उपमहानगरपालिका भित्रका पनि विकट क्षेत्रमा रहेका वडाहरुमा घर-घरमा नै पशु स्वास्थ्य शिविर संचालन गर्ने योजना रहेको छ । घुम्ति शिविर कार्यक्रम भएकोले हामी विकट क्षेत्रहरुमा घरमा नै पुगेर किसानहरुलाई सेवा उपलब्ध गराउँछौं । शहरी क्षेत्रमा भन्दा विकट क्षेत्रमा पशुपन्छी धैरै हुने भएको र सेवा पाउने अवस्था पनि कम रहेकोले उनीहरुलाई ध्यानमा राखेर घरमै सेवा उपलब्ध गराउने योजनामा छौं ।" हेटौंडा उपमहानगरपालिकाको आयोजनामा १० वटा वडामा निःशुल्क पशु स्वास्थ्य शिविर संचालन गर्ने कार्यक्रम रहेको उहाँले जानकारी दिनुभयो ।

# लागुऔषधसहित १० जना पक्राउ

काठमाडौंः अवैधरुपमा लागूऔषध बिक्री तथा ओसारपसार नियन्त्रणका लागि काठमाडौंको सीमानाकामा प्रहरीले उच्च निगरानी बढाएको छ । पछिल्लो एक सातामा मात्रै प्रहरीले ठूलो परिमाणको लागूऔषधसहित १० जनालाई पक्राउ गरेको छ ।

उनीहरुको साथबाट खैरो हेरोइन ७४ ग्राम, नाइट्राभेट चार हजार पाँच सय ट्याब्लेट र एक सय ५५ दशमलब ५ ग्राम चरेस बरामद गरेको प्रहरीको लागूऔषध नियन्त्रण ब्यूरो काठमाडौंका प्रहरी उपरीक्षक योगेन्द्रकुमार खड्काले जानकारी दिए । उनका अनुसार उनीहरुको साथबाट नुफ्रिन एक हजार एम्पुल, डाइजेपाम एक हजार एम्पुल र फेनारगन पनि एक हजार एम्पुल बरामद गरिएको छ ।

पछिल्लो केही दिनदेखि लागूऔषध कारोबार तथा तस्करी नियन्त्रण र अनुसन्धानमा खटिएको प्रहरी टोलीले उपत्यकाका विभिन्न नाकामा खोजी अभियान चलाउँदा लागूऔषधसहित पक्राउ परेका उनीहरूलाई लागूऔषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम अदालतबाट म्याद थप गरी अनुसन्धान थालिएको खड्काले बताए ।

प्रहरीका अनुसार काठमाडौंको गोकर्णेश्वर नगरपालिका-८, लालीगुराँस टोल बस्ने सुजन कार्कीको साथबाट तीन सय मिलीग्राम र डेराबाट ६७ दशमलब ७ ग्राम गरी जम्मा ६८ ग्राम खैरो हेरोइनसहित दुई थान तराजु बरामद गरिएको थियो । *(स्रोतः अनलाइनखबर)*

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

# हाम्रो घरलाई खाद्यान्न सहयोग

समाज संवाददाता

हेटौंडाः १२ औं राष्ट्रिय मारवाडी युवा दिवसको अवसरमा मारवाडी युवा मञ्च हेटौंडाले हेटौंडा-५ स्थित हाम्रो घर बालगृहमा आश्रितहरुलाई खाद्यान्न सहयोग गरेको छ । मंगलबार मारवाडी युवा मञ्च हेटौंडाका अध्यक्ष चिराग अग्रवालको सभाध्यक्षता तथा हेटौंडा उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा खाद्यान्न हस्तान्तरण गरिएको हो ।

हाम्रो घरलाई खाद्यान्नमा चामल, प्याज, आलु, दाल, चिउरा, भुजा सहयोग गरेको अध्यक्ष अग्रवालले बताउनुभयो । हाम्रो घरलाई खाद्यान्नसँगै संस्थाका बालबालिकालाई खाना खुवाएको थियो । हाल हाम्रो घरमा ३५ जना बालबालिका रहेका छन् । कार्यक्रममा मारवाडी युवा मञ्च हेटौंडाका निर्वतमान अध्यक्ष राहुल जालान, मारवाडी युवा मञ्च हेटौंडाका सल्लाहकार राजेश अग्रवाल, हाम्रो घर बाल गृहकी अध्यक्ष इन्दिरा डल्लाकोटि, मारवाडी एशोसिएशनका अध्यक्ष पवन अग्रवाल, एशोसिएशनका सल्लाहकार दिपचन्द्र अग्रवाल लगायतको उपस्थिति रहेको थियो ।हाम्रो घरलाई खाद्यान्न सहयोग

हेटौंडाः १२ औं राष्ट्रिय मारवाडी युवा दिवसको अवसरमा मारवाडी युवा मञ्च हेटौंडाले हेटौंडा-५ स्थित हाम्रो घर बालगृहमा आश्रितहरुलाई खाद्यान्न सहयोग गरेको छ । मंगलबार मारवाडी युवा मञ्च हेटौंडाका अध्यक्ष चिराग अग्रवालको सभाध्यक्षता तथा हेटौंडा उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा खाद्यान्न हस्तान्तरण गरिएको हो ।

हाम्रो घरलाई खाद्यान्नमा चामल, प्याज, आलु, दाल, चिउरा, भुजा सहयोग गरेको अध्यक्ष अग्रवालले बताउनुभयो । हाम्रो घरलाई खाद्यान्नसँगै संस्थाका बालबालिकालाई खाना खुवाएको थियो । हाल हाम्रो घरमा ३५ जना बालबालिका रहेका छन् । कार्यक्रममा मारवाडी युवा मञ्च हेटौंडाका निर्वतमान अध्यक्ष राहुल जालान, मारवाडी युवा मञ्च हेटौंडाका सल्लाहकार राजेश अग्रवाल, हाम्रो घर बाल गृहकी अध्यक्ष इन्दिरा डल्लाकोटि, मारवाडी एशोसिएशनका अध्यक्ष पवन अग्रवाल, एशोसिएशनका सल्लाहकार दिपचन्द्र अग्रवाल लगायतको उपस्थिति रहेको थियो ।

## *राष्ट्रपति र सभामुखको...*

समर्थनमा खड्गप्रसाद दाहाललाई विस्थापित गरेर प्रधानमन्त्रीको कुर्सीमा आसीन हुनेछन् । पुष्पकमल दाहालको सरकार गठन संविधानको धारा ७६(२) अनुसार भएको छ । सरकारविरुद्ध निश्चित अवधिभित्र अविश्वास प्रस्ताव राख्न मिल्दैन, यद्यपि संविधानतः एमालेले समर्थन फिर्ता गर्नसाथ विश्वासको मत लिंदाकै बखत सरकार ढल्न सक्छ । दाहालको सहयोगमा राष्ट्रपति तथा प्रतिनिधि सभामुख लगायतका महत्वपूर्ण पद हात परेपछि तिनको उपयोगिता वा प्रयोजन पनि खड्गप्रसादका निम्ति सकिन्छ ।

नेपाली राजनीति कुन दिशा उन्मुख हुँदै छ, त्यसको लेखो काट्न कसैले पनि सक्दैन । राजनीतिमा हाबी भएका पात्रहरुले नै हो राजनीतिलाई डोऱ्याउने । समकालीन नेपाली राजनीतिमा हाबी भएका पात्रहरुको एकल उद्देश्य सत्ता प्राप्ती छ । उनीहरूले आत्मविश्वास गुमाइसकेका छन् । ज्योतिषीको सहाराविना निर्णय क्षमता गर्न कुनै पनि नेताले सामर्थ्य राख्दैनन् । आफैमा विश्वास नभएका नेताले अर्कोलाई विश्वास गर्ने कसरी ? उनीहरु आफैं अनभिज्ञ छन् आफैंले लिने निर्णयका विषयमा । उनीहरू बीचको मिलोमतो त एकको उपयोगले अर्को सत्ता सिन हुनेमै सीमित छ । परिणाम भोग्ने आखिर ३ करोड नेपाली तथा उनीहरूको सन्ततिले हुन् ।

*(स्रोतः इकागज)*

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

हार्दिक समवेदना



स्व. नर बहादुर तामाङ

जन्म
२०१५/०१/०७

मृत्यु
२०७९/०९/०९

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज तथा समृद्ध समाज राष्ट्रिय दैनिकमा कार्यरत हाम्री सहकर्मी संगी लामाका पुजनीय बुबा **नर बहादुर तामाङ**को निधनको खबरले हामी मर्माहत भएका छौं । आज **१३ औं पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

सुरेश श्रेष्ठ
स्टेशन म्यानेजर, एवम् रेडियो निकास ९३.४ मेगाहर्ज परिवार
सम्पादक, एवम् समृद्ध समाज राष्ट्रिय दैनिक परिवार
हेटौंडा-४, अजरअमररोड

हार्दिक समवेदना



स्व. नर बहादुर तामाङ

जन्म
२०१५/०१/०७

मृत्यु
२०७९/०९/०९

हाम्रो परिवारका अभिभावक पुजनीय **नर बहादुर तामाङ**को निधनले हामी मर्माहत भएका छौं । आज **१३ औं पूण्यतिथि**मा उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं ।

श्रीमतीः कान्छी तामाङ

**छोरी/ज्वाई**
सम्झना लामा/अनिल प्रधान
संगी लामा/ मन राई

**छोरा**
संजिव तामाङ/संजय तामाङ

**छोरी**
शर्मिला तामाङ

एवम् लामा परिवार
हेटौंडा-८, कमाने

# पुस २९ देखि शिक्षक भलिबल प्रतियोगिता



*शिक्षक भलिबल प्रतियोगिताको बारेमा जानकारी गराउँदै आयोजक।*

समाज संवाददाता

हेटौंडाः मदन भण्डारी स्पोर्टस् एकेडेमीको आयोजना तथा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा समितिको प्रायोजनमा जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिता पुस २९ गतेदेखि हुने भएको छ। बुधबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै एकेडेमीका खेल संयोजक राजाराम पोखरेलले भलिबल प्रतियोगिताको बारेमा जानकारी दिनुभएको हो ।

प्रतियोगितामा प्रथम हुने टिमले नगद २५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने द्वितीय हुने टिमले नगद १५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको सेमीफाइनलमा पराजित हुने टिमले सान्त्वनास्वरुप ५ हजार रुपैयाँ प्राप्त गर्नेछ । सेमीफाइनलमा पराजित हुने टिमलाई सान्त्वना रकमको प्रयोजन ईन्द्रप्रसाद सञ्जेलले गर्नुहुने भएको छ ।

प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई ३ हजार रुपैयाँ रहेको छ भने उत्कृष्ट सेटर र उत्कृष्ट स्पाइकरलाई समान २/२ हजार रहेको छ। प्रतियोगिताकै अनुशासित टिमलाई बल र नेट समेत प्रदान गरिने छ । हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा हुने प्रतियोगिताको कुल खर्च १ लाख ९२ हजार रुपैयाँ लाग्ने पोखरेलले बताउनुभयो । पत्रकार सम्मेलनमा मदन भण्डारी स्पोर्टस् एकेडेमी मकवानपुरका अध्यक्ष प्रकाश सुवेदी, ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गी, निवर्तमान अध्यक्ष सानु लामाको पनि उपस्थिति रहेको थियो ।

## हेटौंडा भेट्रान्स फुटबल

# बुधबार ३ खेलको नतीजा टाइब्रेकरबाट

समाज संवाददाता

हेटौंडाः आठौं हेटौंडा राष्ट्रिय भेट्रान्स कप ८ ए साइड रनिङ शिल्ड फुटबल प्रतियोगितामा बुधबार ४ खेल सम्पन्न भएको छ। बुधबार भएको चारमध्ये तीन खेलको निर्धारित समय बराबरीमा सकिएपछि नतीजाका लागि टाइब्रेकरको साहारा लिनुपरेको थियो ।

बुधबार पहिलो खेलमा एक्स भेट्रान्स पोखरा र नागश्वती भेट्रान्स हेटौंडा गोलरहित बराबरी भएको थियो । निर्धारित समय गोलरहित बराबरी भएपछि टाइबेकरमा एक्स भेट्रान्स पोखराले नागश्वती भेट्रान्स हेटौंडालाई ५-४ गोलअन्तरले हराएको हो । खेलको म्यान अफ द म्याच एक्स भेट्रान्स पोखराका गोलकिपर दिपेन्द्र शाही घोषित हुनुभयो । बुधबारै भएको दोस्रो खेल पनि गोलरहित बराबरी भएको थियो। टाइब्रेकरमा हेटौंडा भेट्रान्सले वीरगंज युथ पर्सालाई ५-४ गोलअन्तरले हराएको हो । खेलको म्यान अफ द म्याच वीरगंज युथ पर्साका रितु कुमार शाक्य घोषित हुनुभयो ।

यस्तै बुधबार भएको तेस्रो खेलमा एमएमसी काठमाडौंले वीरगंज सिटी भेट्रान्सलाई २-० गोलअन्तरले पराजित गरेको छ। खेलको म्यान अफ द म्याच एमएमसी काठमाडौंका प्रकाश राना मगर घोषित हुनुभयो। बुधबार नै भएको चौथो खेलमा अभिषेक चर्च र बानेश्वर भेट्रान्स काठमाडौंबीच १-१ को बराबरी भएपछि टाइब्रेकरमा ७-६ गोलअन्तरले बानेश्वर भेट्रान्स काठमाडौं विजयी भएको छ । खेलको म्यान अफ द म्याच बानेश्वर भेट्रान्स काठमाडौंका राजेन्द्र गौतम घोषित हुनुभयो । प्रतियोगिताको फाइनल खेल पुस २३ गते हुनेछ। प्रतियोगितामा प्रथम हुने टिमले नगद १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। दोस्रो हुने टिमले नगद ५५ हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ ।

# सोलिड्यारिटीले मनायो ३० औं स्थापना दिवस



समाज संवाददाता

हेटौंडाः हेटौंडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीले ३० औं स्थापना दिवस मनाएको छ। "समय सापेक्ष शिक्षा, सोलिड्यारिटीको प्रतिबद्धता" भन्ने मूल नारासहित बुधबार विद्यालयले स्थापना दिवस मनाएको हो । विद्यालय स्थापना दिवसको अवसरमा साँस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो ।

विद्यालयका संस्थापक अध्यक्ष ऋषिराम आचार्यको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । स्थापना दिवसका दिन प्लेग्रुप र नर्सरीमा निशूल्क भर्ना अभियान सञ्चालन गरिएको थियो । विद्यालयकी प्रिन्सीपल रिना आचार्यका अनुसार भर्ना अभियानको पहिलो दिन २४ जना विद्यार्थी भर्ना भएका छन् । उहाँले सकारात्मक शिक्षा नै विद्यालयको अवसर भएको बताउनुभयो । समय सापेक्ष प्राविधिमैत्री शिक्षालाई अझ जोड दिन विद्यालयलाई चुनौति रहेको उहाँको भनाइ छ ।

यस्तै शैक्षिक सत्र २०७८ मा कक्षागत रुपमा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कृत गरिएको छ। १ कक्षादेखि १० कक्षासम्मका विद्यार्थीलाई प्रमाणपत्र र मेडलले पुरस्कृत गरिएको छ । विद्यालयमा १ हजार ५ सय जना विद्यार्थी अध्ययनरत् छन् । कार्यक्रममा प्याब्सन मकवानपुरका पूर्वअध्यक्ष एवम् विद्यालयका कानुनी सल्लाहकार मदन दाहालको विशिष्ट आतिथ्य रहेको थियो ।

# दुई दिन ल्होसार महोत्सव हुने

समाज संवाददाता

**हेटौंडाः नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति मकवानपुर र मकवानपुर तामाङ कलाकार संघको संयुक्त आयोजनामा हेटौंडामा दुई दिने सोनाम ल्होसार सांस्कृतिक महोत्सव हुने भएको छ । बुधबार हेटौंडामा पत्रकार सम्मेलनमार्फत् माघ ७ र ८ गते हुने दुई दिने सोनाम ल्होसार सांस्कृतिक महोत्सवको बारेमा जानकारी गराएको हो ।**

**केही वर्षदेखि कोरोना महामारीका कारण सांस्कृतिक कार्यक्रम हुन नसकेका कारण यस वर्ष एउटै मञ्चमा सबै तामाङहरुको भेला गराई मनोरञ्जन दिलाइने तामाङ कलाकार संघका अध्यक्ष धिरेन्द्र लामाले बताउनुभयो । महोत्सवमा करिब ६ लाख रुपैयाँ खर्च हुने अनुमान आयोजकको छ। हेटौंडा-१० स्थित टीसीएन चौरमा हुने कार्यक्रममा प्रवेश निःशुल्क हुने पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।**

**महोत्सवका लागि विभिन्न ९ उपसमितिसमेत निर्माण गरिएको छ । महोत्सवको आर्थिक उपसमितिको संयोजकमा सुरेश लामा चयन हुनुभएको छ । प्रचार-प्रसार उपसमितिमा आत्माराम मोक्तान चयन हुनुभएको छ । त्यस्तै मञ्च व्यवस्थापनमा सानु लामा दोङले संयोजन गर्नुहुने बताइएको छ ।**

**महोत्सवमा तामाङ समुदायको मौलिक भेषभुषासहित लामा, बोन्पो (झाँक्री), ताम्बा, डम्फुरेको झाँकी प्रदर्शन, भेषभुषा र मौलिक खानाका स्टलहरु रहने आयोजकले जनाएको छ। तामाङ जातिको मौलिक संस्कार, संस्कृति, भेषभुषा र भाषाको संरक्षण तथा प्रबर्द्धन गर्दै तामाङ घेदुङ संघीय समितिको (ग्रेन दिम) भवन खरिद सहयोगार्थ महोत्सवको तयारी गरिएको घेदुङ मकवानपुरका कार्यबाहक अध्यक्ष कालु घलानले बताउनुभयो ।**

**स्मार्ट टिभी पुरस्कार**

**सोनाम ल्होसार महोत्सवमा उपहार स्वरुप स्मार्ट टिभी प्रदान गरिने बताइएको छ ।**

# हेटौंडा क्याम्पसमा क्वालिटी सर्कल पुनर्गठन

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसमा विद्यार्थीको क्वालिटी सर्कल पुनर्गठन गरिएको छ । बुधबार युवराज विश्वकर्माको संयोजकत्वमा सर्कल पुनर्गठन गरिएको हो ।

युवराजको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरिएको हेटौंडा क्याम्पसका वित्त तथा बजारशास्त्र विभाग प्रमुख लिलानाथ ढुंगेलले जानकारी दिनुभयो । समितिको सदस्यहरुमा सरिता तितुङ, रिगेन श्रेष्ठ, रोशन तिमल्सिना, सन्ध्या थपलिया, भगवती तिमल्सिना, समन सापकोटा चयन भएका छन्। यस्तै, निशान बिडारी, अमृता सापकोटा, विशेषता उप्रेतीलाई सदस्यमा चयन गरिएको छ । शिक्षण सिकाई प्रभावकारी बनाउने उद्देश्यले विद्यार्थीलाई सक्रिय बनाउन सर्कल गठन गरिएको हो ।

**जाडोको समयमा चिसोबाट बचौं ।**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहरदोहर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,

दैनिक गरौं घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**खाजा घर बिक्रीमा**

हेटौंडा-४, अजरअमररोडमा चालु अवस्थामा रहेको खाजा घर विक्री गर्नुपर्ने भएकोले व्यवसाय गर्न चाहनुहुने व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्कः
९८६८८२८६३८,
९८४३३२७६१४




**सूचना सूचना सूचना**

विगत एक दशक भन्दा लामो समयदेखी निरन्तर विरामीको सेवामा समर्पित यस हेटौंडा मोडल अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समुहद्वारा सबै किसिमको रोगको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको सबैमा सहर्ष जानकारी गराउँदछौं ।

कार्यरतः

**यस अस्पतालमा कार्यरत विशेषज्ञ डाक्टरहरूः-**

१. हाडजोर्नि तथा नसा रोग विशेषज्ञ डा. बसन्त मान श्रेष्ठ तथा डा. आभाष तिवारी ।
२. जनरल फिजिशियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ ।
३. नाक कान घाँटी रोग विशेषज्ञ डा. अनुप सञ्जेल, डा. इन्क्लाम ढुंगाना ।
४. जनरल सर्जन डा. साजिद अन्सारी, डा.सरोज प्रधान ।
५. छाला तथा यौन रोग डा. प्रमोद चौरसीया ।
६. रेडियोलोजिष्ट डा. गेहेन्द्र भुसाल ।
७. ऐनस्थेसिया डा. सुवास लामिछाने ।
८. दन्त रोग विशेषज्ञ डा. रन्जना शाह ।
९. फिजियोथेरापिस्ट डा. रति गुरुङद्वारा दैनिक उपचार जांच भईरहेको सहर्ष जानकारी गराउँदछौं ।

यसको साथ साथै यहाँ OPD सेवा, विरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि. स्क्यान सेवा फार्मेसी सेवा गरिन्छ ।

सम्पर्कः
**हेटौंडा मोडेल अस्पताल,**
स्वर्गद्वारी मन्दिर चोक जरूवा टोल, वार्ड नं. १, हेटौंडा
मो. नं. ९७४५३२१६४८ फोन नं.: ०५७५२२७५६

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
www.samriddhasamaj.com.np

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ